# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३५ ) काठमाडौं, भदौ १७ गते २०४२ साल (संख्या २१

## भाग ३

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको सूचना

### भन्सार (पहिलो संशोधन) नियमावली, २०४२

भन्सार नियमावली, २०२६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

भन्सार ऐन, २०१९ को दफा ४३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "भन्सार (पहिलो संशोधन) नियमावली, २०४२" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. भन्सार नियमावली, २०२६ को नियम १० मा संशोधनः भन्सार नियमावली, २०२६ को नियम १० को उप-नियम (२) को सट्टा देहायको उप-नियम (२) राखिएको छ :–

"(२) भन्सार अड्डाले जफत भएको सुन, चाँदी, हीरा ज्वाहिरात वा यसबाट बनेका गरगहना तथा अन्य वस्तुहरू नेपाल राष्ट्र बैङ्कले खरीद गर्ने भएमा नेपाल राष्ट्र बैङ्कलाई प्रचलित बजार भाउमा बिक्री गर्नु पर्नेछ । नेपाल राष्ट्र बैङ्कले खरीद नगरेमा वा खरीद गरी बाँकी रहेमा त्यस्ता वस्तुहरू अर्थ र गृह मन्त्रालयको स्वीकृति लिई श्री ५ को सरकारको अन्य निकायमा बुझाउनु वा खुल्ला रूपमा लिलाम बिक्री गर्नु पर्नेछ ।"

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२५